# प्रतापपुर गाउँपालिका
# स्थानिय राजपत्र

खण्ड १, संख्या ६, मिती २०८०।०९।२९

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

## प्रतापपुर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यलय
## प्रतापपुर, बेलाटारी, नवलपरासी (ब.सु.प.)
## लुम्बिनी प्रदेश, नेपाल




रामजी जोशी
प्रमुख प्रशासकीय अधिकृत

हामी सबैको सार्थक प्रयास प्रतापपुरको समग्र विकास

उमेश चन्द्र यादव
गाउँपालिका अध्यक्ष

प्रमाणीकरण

खण्ड १, संख्या ६, मिती २०८०।०९।२९

प्रतापपुर गाउँपालिकाको १५ औं गाउँसभाको निर्णयः२०८०/०८१
प्रतापपुर गाँउपालिकाको आन्तरिक सञ्चारसेट प्रयोग सम्बन्धी कार्यविधी, २०८०

भाग-१

प्रतापपुर गाँउपालिकाको १५ औं गाउँसभामा मिति: २०८०/०९/२९ मा स्वीकृत भएको प्रतापपुर गाँउपालिकाको वार्षिक योजना तथा वजेट तर्जुमा कार्यविधी, २०८०,स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(७) को अधिकार बमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ

## प्रतापपुर गाँउपालिकाको आन्तरिक सञ्चारसेट प्रयोग सम्बन्धी कार्यविधी, २०८०

प्रतापपुर गाउँपालिकामा प्रकोप तथा विपद्को समय र अन्य आकस्मिक रुपमा आन्तरिक सञ्चार कायमगरी कार्य सञ्चालन गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (७) ले दिएको अधिकार प्रयोग गरी प्रतापपुर गाउपालिकाको मिति २०८०/०९/२९ गतेको १५ औं गाउँसभा बैठकले यो कार्यविधि जारी गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्तनाम र प्रारम्भ :

(१) यस कार्यविधिको"प्रतापपुर गाउँपालिकामा, आन्तरिक सञ्चार सेट प्रयोग कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि गाउपालिकामा आन्तरिक रुपमा तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा :

विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "आन्तरिक सञ्चार" भन्नाले नियमितकार्यालय सञ्चालनभएको दिनतथाविपद् लगायतको आकस्मिक रुपमा घटना घटेको समयमाप्रयोगकर्ता बीचमाहुने द्रुतगतिको सञ्चार सम्झनु पर्छ।

(ख) "सेट" भन्नाले कार्यालयको नाममा रहीप्रयोगकर्तालाई जिम्मादिइएको गाउपालिकाको फ्रिक्वेन्सीमा सञ्चालनहुने रेडियो सेट सम्झनुपर्छ। सो शब्दले मोबाईल रेडियो सेटको लागि स्थापनागरिएको रिपिटर टावरका सामग्री समेत सम्झनुपर्छ।

(ग) "कोड भाषा"भन्नाले यस कार्यविधिको दफा (६) बमोजिम सेटमा सञ्चारको क्रममाप्रयोगकर्ता बीचहुने सर्वसाधारण व्यक्तिले नबुझ्ने गरी तय गरिएको शब्दावली सम्झनुपर्दछ।

(घ) गाउँपाललिका"भन्नाले प्रतापपुर गाउँपालिका तथा गाउँपालिका मातहतका विभिन्नमहाशाखा, शाखा, उपशाखा, वडा कार्यालयहरु तथा ईकाइहरु सम्झनु पर्दछ।

(ङ) "प्रयोगकर्ता" भन्नाले प्रतापपुर गाउँपालिका मानिर्वाचितजनप्रतिनिधि तथा गाउपालिकामाकार्यरत कर्मचारी जसले सेट जिम्मालिई प्रयोग गर्दछ त्यस्तो व्यक्ति सम्झनुपर्छ।

(च) "विपद्को समय"भन्नाले गाउँपालिकामाविभिन्नप्राकृतिकप्रकोप जस्तै भुकम्प, आँधीवेहेरी, बाढीपहिरो लगायतको अवस्थाका साथै दुर्घटनाहरु जस्तै आगलागी, दुर्घटना आदिको अवस्था सम्झनुपर्छ।

परिच्छेद-२

सेटप्रयोग सम्बन्धीव्यवस्था

३. सेटको प्रयोगकर्ता : (१) गाउपालिकाका सेटको प्रयोग गर्न जिम्मादिँदा पद तथादर्जा अनुसार माथिल्लो तहकापदाधिकारीहरु, विपद्को समयमा खटिने प्रयोगकर्ताहरु, वडा कार्यालयहरु, शाखाप्रमुखहरु तथाअनुगमनमा फिल्डमा नियमित खटिनु पर्ने कर्मचारीहरु, सुरक्षा गार्डलाई पहिलो प्राथमिकतादिई अनुसूची (१) बमोजिमप्रयोग गर्न दिनुपर्दछ। यस्ता पदाधिकारीलाई पुगेर बाँकी रहेकाअन्य सेट अन्यकर्मचारी तथापदाधिकारीलाई सञ्चालनगर्न दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम सेट प्रयोग गर्न दिँदाकार्यपालिकाप्रमुख, उपप्रमुख, प्रमुखप्रशासकीयअधिकृत र वडा कार्यालयलाई पहिलो प्राथमिकतादिईनेछ।

(३) उपदफा (१) बमोजिम वडा कार्यालय वाशाखाले थप सेट प्रयोग गर्नुपरेमा समितिको स्वीकृतिलिनु पर्नेछ।

४. सेटको जतन साथप्रयोग गर्नुपर्ने : (१) सेट प्रयोग गर्न जिम्मादिँदा स्पष्ट रुपमाउक्त सेटको कोड भाषातथा संक्षिप्तप्रयोग विधि समेत जानकारी गराई दिनुपर्नेछ। यसरी सेट प्राप्तकर्ताले आधिकारिक पदाधिकारीकोस्वीकृतिबिना छाड्ने, अरुलाई प्रयोग गर्न दिने, स्वीचअफ गरेर राख्ने जस्ता क्रियाकलापगर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको अवस्था सिर्जनाभएमावाहुन सक्ने भएमा तुरुन्तआधिकारिक पदाधिकारी वा सेटको नियन्त्रण गर्न गाउपालिकामा स्थापनाभएको सञ्चार केन्द्रलाई सोको जानकारी गराउनु पर्दछ।

५. गलतप्रयोग गर्न नहुने : (१) सेट प्रयोगकर्ताले यस कार्यविधितथा गाउपालिकाको निर्णयानुसारको सञ्चार गर्ने प्रयोजनार्थ मात्र सेटको प्रयोग गर्नुपर्दछ। सेटको गैरकानुनीकिसिमको प्रयोग गरी दुरुपयोग गर्न हुँदैन। प्रयोगकर्ता बीचव्यक्तिगततथानिजीमामिलामा सञ्चार गर्नुपर्ने भएमा सोझै टेलिफोन मार्फत गर्नुपर्नेछ। यसो गर्दा सम्पर्क नभएमा सेटबाट टेलिफोन गर्न संकेत गरी टेलिफोनबाट वार्तालापगर्नुपर्दछ।

(२) यस कार्यविधिबमोजिम सञ्चार गर्दा सोझै कुरा गाडी अधिकांशविषयहरु कोड भाषाबाट गर्नुपर्नेछ।

(३) उपदफा (१)बमोजिम १ मिनेटको अवधिमा ३ पटकसम्म कोड भाषामाबोलाउँदाजवाफनआएमामोबाइलफोनबाट सम्पर्क गर्ने।

रामजी जोशी
प्रमुख प्रशासकीय अधिकृत

हामी सबैको सार्थक प्रयास प्रतापपुरको समग्र विकास

उमेश चन्द्र यादव
गाउँपालिकाको अध्यक्ष

६. कोड भाषातथा समिति सम्बन्धीव्यवस्था : (१) सेट प्रयोगकर्ताले प्रयोग गर्ने कोड भाषाको निर्धारण गर्न तथा सेट वितरणको निर्णय लगायत यस कार्यविधिबमोजिमको सम्पूर्ण अधिकार प्रयोग गर्ने गरी देहायबमोजिमको सुरक्षा समिति रहनेछ :

(क) गाउकार्यपालिका प्रमुख - अध्यक्ष
(ख) गाउ कार्यपालिका उपप्रमुख - सदस्य
(ग) कार्यपालिका अन्तर्गत सुशासन क्षेत्र हेर्ने समितिको संयोजक - सदस्य
(घ) गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ङ) गाउपालिकाको प्रशासन शाखा प्रमुख - सदस्य सचिव

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

(२) उपदफा (१) बमोजिमको सुरक्षा समितिले आफ्नो कार्यविधिआफै तय गर्नेछ ।

(३) यस कार्यविधिप्रयोजनार्थ प्रयोगकर्ताको सेटको कोड तथाकोड भाषा सुरक्षा समितिले निर्धारण गरी आन्तरिक रुपमागोप्यतरिकाले लागु गर्नेछ । यसरी तयार गरिएको कोड भाषागोप्य राख्नु सबैको दायित्वहुनेछ ।

(४) यस दफाबमोजिमको कोडभाषा बेला बेलामा समितिले हेरफेर गरी लागु गर्नु पर्नेछ ।

५. समितिको निर्णय अनुसार हुने : (१) यस कार्यविधिमाउल्लेख भएकाविषयवस्तु यसै बमोजिम र उल्लेख नभएकाविषयको सम्बन्धमादफा (६) बमोजिमको सुरक्षा समितिको निर्णय अनुसार हुनेछ ।

अनुसूची-१

(दफा ३ (१) सँग सम्बन्धित)

सेटको प्रयोगकर्ताको प्राथमिकताक्रमतथाकोड सि. नं. प्रयोगकर्ता सेटको कोड कोडको व्याख्याप्रयोग समय

| क.सं. | प्रयोग कर्ता | सेटको कोड | कोडको व्याख्या | प्रयोग समय |
|---|---|---|---|---|
| १ | कार्यपालिका प्रमुख | | | २४ घण्टा |
| २ | कार्यपालिका उप प्रमुख | | | २४ घण्टा |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | | | २४ घण्टा |
| ४ | वाड नं १ देखी ९ सम्मका वाडा अधक्ष | | | २४ घण्टा |
| ५ | गाउँपालिका क्षेत्रमा खटीने नगर प्रहरी ईन्चार्ज | | | २४ घण्टा |
| ६ | नगर प्रहरी तथा ड्युटी गार्ड | | | २४ घण्टा |
| ७ | बिपद तथा अनुगमन साखा प्रमुख | | | २४ घण्टा |
| ८ | बिपद तथा अनुगमन साखा साहायक | | | २४ घण्टा |

२०८०।८।२५

रामजी जोशी
प्रमुख प्रशासकीय अधिकृत

हाम्रो सबैको सार्थक प्रयास प्रतापपुरको समग्र विकास

उमेश चन्द्र यादव
गाउँपालिकाको अध्यक्ष



प्रमाणीकरण